भरतपुर महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

## मेसिनरी सामान खरिद सम्बन्धि बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।१२।१९ गते

भरतपूर महानगरपालिकाको कार्यालय र मातहतका वडा कार्यालयको दैनिक कार्यको लागि मेसिनरी सामान खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त कम्पनी/फर्मका अधिकृत विक्रेतहरुवाट यो सूचना र वोलपत्र फाराममा उल्लेखीत शर्तका अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. बोलपत्र फारम रु.३०००।-(पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा मिति २०७५/०१/१८ गते भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम खरिद गर्न फर्म/कम्पनीहरुले कम्पनी रजिष्ट्रेसन प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण प्रमाणपत्र र आ.ब.२०७३/०७४ को कर चुक्ता प्रमाणित प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३. बोलपत्र सर्तरहित केरमेट नभएको हुनुपर्नेछ । यदी केरमेट भएमा केरमेट भएको ठाउँमा वोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वाफतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक, भरतपुरको धरौटी खाता नं. ग-३ (१३१०३०३००७१०२) खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंले जारी गरको ग्यारेन्टी (bid bond) संलग्न हुनु पर्ने छ । प्रस्तावकको bid validity ९० दिनको हुनुपर्नेछ । प्रचलित कानुन बमोजिम बोलपत्र जमानत bid bond को म्याद थप ३० दिन अर्थात न्यूनतम १२० दिन दिन कायम गरी बोलपत्र पेश गर्नु पर्ने छ ।

५. दररेट अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नपर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फारम अर्को फर्मको नाममा दाखिल गर्न पाइने छैन् ।

७. खरिद भएको बोलपत्र फारम सिलबन्धी गरी खाम बाहिर आफ्नो फर्मको नाम, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७५/०१/१९ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको दिउँसो २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्धी बोलपत्र खोल्न बाधा पुग्नेछैन । बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन, नियम बमोजिम हुनेछ ।

९. बोलपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकारी यस कार्यालयमा निहित हुनेछ र यस महानगरपालिकाको निर्देशन बमोजिम उल्लेखित सामानहरु वडा कार्यालयसम्म दुवानी र जडान गर्ने जिम्मा आपुर्तिकर्ताको हुनेछ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । साथै यो सूचना भरतपुर महानगरपालिकाको Website: www.bharatpurmun.gov.np बाट समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | सामानको विवरण | ल.इ. रकम ( मु.अ.क. वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ५/२०७४-०७५ मेसिनरी सामान | मेसिनरी सामान खरिद (कम्प्यूटर, ल्याप्टप, फोटोकपी, सर्वर) | २९,११,५०५।०० | ७२,८००।०० | ३०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner